आज मिति २०८३ साल जेठ २५ गते सोमबार यस कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| १. | गोविन्द खड्का | प्रशासन अधिकृत | |
| २. | परेश ब० कुँवर | लेखा अधिकृत | |
| ३. | ~~[illegible]~~ | प्राविधिक स.ले.पा. | |
| ४. | माधव जोशी | लेखापाल | |

५. रोशन कार्की सूचना प्रविधि अधिकृत

मिति २०८३ जेठ २५ गते सोमबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

**प्रस्तावहरू:**

१. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आ.व. २०८३/०८४ को आर्थिक विद्येयक सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को विनियोजन विद्येयक सम्बन्धमा।
४. वडागत, विषयगत शाखा र नगरस्तरीय बजेट तथा कार्यक्रम सम्बन्धमा।
५. कटारी नगरपालिकाको नगर सभा अधिवेशन आह्वान सम्बन्धमा।
६. कटारी नगरपालिका वडा नं.११, गहुँबारीमा रहेको प्रस्तावित नगर अस्पतालको लागि स्वास्थ्य सामाग्री माग गर्ने सम्बन्धमा।
७. विविध।

**निर्णयहरू:**

*प्रस्ताव नं. ०१ उपर छलफल गर्दा* आगामी आर्थिक वर्ष २०८३/८४ को लागि तयार पारी पेश हुन आएको वार्षिक नीति तथा कार्यक्रम कटारी नगरपालिकाको कार्यपालिका बैठकबाट सर्वसम्मतले स्वीकृत गरी कटारी नगरपालिकाको १७ औं नगरसभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

*प्रस्ताव नं. ०२ उपर छलफल गर्दा* आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कटारी नगरपालिकाको राजस्व परामर्श समितिको सिफारिस बमोजिम यस नगरपालिकाको राजस्व शाखाले तयार पारेको आर्थिक विधेयक कटारी नगरपालिकाको कार्यपालिका बैठकबाट सर्वसम्मतले स्वीकृत गरी कटारी नगरपालिकाको १७ औं नगरसभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

*प्रस्ताव नं. ०३ उपर छलफल गर्दा* आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कटारी नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सीमा बमोजिम यस नगरपालिकाको बजेट निर्माण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारेको विनियोजन विधेयक कटारी नगरपालिकाको कार्यपालिका बैठकबाट सर्वसम्मतले स्वीकृत गरी कटारी नगरपालिकाको १७ औं नगरसभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

*प्रस्ताव नं. ०४ उपर छलफल गर्दा* आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कटारी नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट उपलब्ध गराइएको सीमाभित्र रही वडागत, विषयगत शाखा तथा नगरस्तरीय वार्षिक विकास कार्यक्रम कटारी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्वीकृत तथा सिफारिस भई पेश हुन आएका आर्थिक वर्ष २०८३/०८४ का बजेट तथा कार्यक्रमहरू कटारी नगरपालिकाको कार्यपालिका बैठकबाट सर्वसम्मतले स्वीकृत गरी कटारी नगरपालिकाको १७ औं नगरसभामा स्वीकृतिका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

*प्रस्ताव नं. ०५ उपर छलफल गर्दा* कटारी नगरपालिकाको १७ औं नगरसभाको बजेट अधिवेशन मिति २०८३ साल असार ७ गते आइतबार बिहान ११:०० बजेबाट प्रारम्भ हुने गरी आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो।

*प्रस्ताव नं. ०६ उपर छलफल गर्दा* कटारी नगरपालिकाको वडा नं. ४ मा रहेको कटारी नगर अस्पताल कोशी प्रदेश सरकारमा हस्तान्तरण भएसँगै कटारी नगरपालिका वडा नं. ११, गहुँबारीमा प्रस्ताव गरिएको ५ शैय्याको महाभारत नगर अस्पताल सञ्चालनको लागि भवन लगायतका भौतिक पूर्वधार तयार भए पनि एक्स रे, इसिजी र ल्याब सम्बन्धी स्वास्थ्य सामग्री अभावले नगर अस्पताल सञ्चालन गर्न नसकिएकोले उक्त स्वास्थ्य सामग्रीहरू उपलब्ध गराउन नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई सिफारिस सहित अनुरोध गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

*विविध तर्फः*

१. कटारी नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/०२/०७ मा बसेको बैठकले कटारी नगरपालिकाको विषयगत शाखा, वडास्तरीय र नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमाका लागि सीमा निर्धारण गरी उपलब्ध गराएको थियो । तर सङ्घीय सरकारले २०८३/०२/१५ मा ल्याएको बजेटले कर्मचारीको तलबमा २१% ले वृद्धि गरेको, सङ्घीय सरकारबाट समपूरक अनुदानमा २ वटा योजनाहरू परेको र सोका लागि ६० % साझेदारी गर्नुपर्दा २ करोड ३४ लाख साझेदारी रकम आवश्यक पर्दछ । अर्कोतर्फ कोशी प्रदेश सरकारबाट प्राप्त हुने समपूरकको योजनाका लागि क्रमागत योजना नरहेको र नयाँ योजनामा बजेट पर्न सक्ने सम्भावना रहेकोले समग्रमा समपूरकका लागि कम्तिमा पनि ३ करोड बजेट विनियोजन गर्नै पर्ने अवस्था रहेको छ । अतः कटारी नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/०२/०७ मा बसेको बैठकले उपलब्ध गराएको विषयगत शाखा र नगरस्तरीय योजनाको सीमामा ५-१०% ले कटौति गर्ने तथा वडागत सीमामा ७०-७२ लाखको सीमालाई समायोजन गरी गरी ६५-६७ लाखमा झार्ने सर्वसम्मत निर्णय गरियो ।

२. कटारी नगरपालिका, नगरकार्यपालिका, विषयगत शाखाहरू तथा वडा कार्यालयबाट प्राप्त कार्यक्रम संशोधन तथा रकमान्तर गर्ने तथा संशोधित कार्यक्रम अनुमोदनका लागि कटारी नगरपालिकाको १७ औं नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | स्वीकृत आयोजनाको नाम | संशोधित आयोजनाको नाम | खर्च शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सदा मन्दिर कल्याणपुर | कुनाई मन्दिर स्तरोन्नती | २२५२२ | २८,०००/- | वडा नं. २ को प.सं. २०८२/८३, च.नं. १७९९ र मिति २०८१/१/२१ को पत्रानुसार |
| २ | महिला लक्षित कार्यक्रम | सि.सि. क्यामेरा जडान | २२५२२ | ५०,०००/- | |
| ३ | खोक्सा ईनार निर्माण | ईनार निर्माण-२ | ३११५९ | ९०,०००/- | |
| ४ | सिमानपुर नाला निर्माण | गिद्वबर डाडाकुलो निर्माण | ३११५९ | ३,००,०००/- | |
| ५ | स्वान नेपालसँग साझेदार | वडा कार्यालय भवन निर्माण वडा नं. ८, ११ र १३ | | २०,००,०००/- | |
| ६ | कृषि एम्बुलेन्स खरिद | पानी तथा बिजुली | | ८,००,०००/- | |
| ७ | मधेशी लक्षित कार्यक्रम | सवारी साधन मर्मत | | ५०६०००/- | |
| ८ | एकल महिला अवलोकन भ्रमण | | | | |
| ९ | यान्त्रीकरण कार्यक्रम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | निर्मित गुरूयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक संरचनाको निर्माणको लागि नगरको साझेदारी | पदाधिकारी बैठक | | ४,००,०००/- | |
| | | पदाधिकारी सेवा सुविधा | | १९,००,०००/- | |
| | | सभा सञ्चालन खर्च | | ४,००,०००/- | |
| | | मेसिनरी औजार मर्मत | | ४,००,०००/- | |
| ११ | नगर प्रहरी पारिश्रमिक | डायरी छपाई | | ५,००,०००/- | |
| १२ | नियन्त्रण विन्दु खरिद | भित्तेपात्रो र टेबुल क्यालेण्डर छपाई | | ४,००,०००/- | |
| | | माझी समुदायको साँस्कृतिक भवन निर्माण | | ५,००,०००/- | |
| १३ | रिटर्नी स्वयंसेवक तलब | ११ औं नारदमुनी थुलुङ्ग स्मृति गोल्डकप फुटबल प्रतियोगिता २०८२ | | ८०,०००/- | |
| १४ | रासायनिक विषादीको दीर्घकालीन प्रभाव बारे | तीनतले नहर हुँदै तावा खोला जाने बाटो निर्माण | | २,५०,०००/- | |
| १५ | विविध वडा नं. १३ | सापकोटा टोल खानेपानी ट्याङ्की निर्माण वडा नं. १३ | | १,००,०००/- | |
| १६ | भान्टाबारी गाउँ वस्ती मोटर बाटो मर्मत वडा नं. ८ | पट्नाखोला सिँचाई कुलो पाइप खरिद वडा नं. ८ | | १,००,०००/- | |
| १७ | मदन खोला सिँचाई कुलो वडा नं. ८ | बबला भाण्टाबारी सामुदायिक खानेपानी वडा नं. ८ | | ३,२५,०००/- | |
| १८ | वडास्तरीय सडक मर्मत योजना वडा नं. १४ | श्री पञ्चकन्या आ. वि. भवन निर्माण क्रमागत वडा नं. १४ | | ६,५०,०००/- | |
| १९ | कामबारी डाँडाबारी डाँसिटार माझखानी भिरखानी बडेर सल्लेनी चनौटे सडक निर्माण वडा न १४ | | | | |
| २० | वडा रिङ रोड बडेर लायोडाँडा आम्बाटे कालिमाटी योजना वडा न १४ | | | | |
| २१ | अस्पतालमा कर्मचारी बर्थिङ सेन्टर शहरी क्लिनिकमा आ. स्वा. केन्द्रमा कर्मचारी | सामुदायिक विद्यालयका सहजकर्ता तथा लेखपालको अपुग तलब | | ७,७५,०००/- | |
| | | न्यायिक समिति बैठक भत्ता | | ६८,०००/- | |
| २२ | मेलमिलापकर्ताहरूको प्रोत्साहन सुविधा | न्यायिक समिति बैठक भत्ता | | १,००,०००/- | |
| २३ | वडाको साझेदारीमा महाभारत स्वास्थ केन्द्रमा नगर अस्पतालको स्थापना | वडा नं. ११ को श्री महाभारत आधारभूत स्वास्थ्य केन्द्र गहुँबारी | | १०,००,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा सञ्चालनका लागि आवश्यक उपकरण सामग्री व्यवस्थापन | बर्थिङ्ग सेन्टर घेराबेरा तथा व्यवस्थापन | | | |
| २४ | सीपमुलक तालिम | आत्मरक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम | | ५०,०००/- | |
| २५ | प्रारम्भिक कक्षाहरूमा समझदारी संस्थाहरूको सहयोगमा LEAP परियोजना सञ्चालन | विविध खर्च | | ३,००,०००/- | |
| २६ | नगर तथा वडास्तरीय विषयगत शिक्षक सम्मेलन खर्च | नगरस्वयंसेवक शिक्षक व्यवस्थापन | | १०,५०,०००/- | |
| २७ | आधारभुत तह कक्षा १-८ स्थानीय पाठयक्रम पाठ्यपुस्तक तयारी छपाई वितरण | | | | |
| २८ | क्रप कटिङ्ग कार्यक्रम | आर्थिक सहायता | | ३,१८,०००/- | |
| | जग्गा धनी पुर्जा वितरण | | | | |
| | ईन्धन अन्य प्रयोजन | | | | |
| | विभिन्न दिवसीय कार्यक्रम | | | | |
| | सबै वडाका विकास मितिका सदस्यलाई सचेतना | | | | |
| | | हडैया खहरे पुल देखि उत्तर तर्फ बाँध निर्माण | | १,००,०००/- | |
| २९ | विविध कार्यक्रम | साकेल थानमा ट्रष्ट भवन निर्माण | | २,००,०००/- | |
| ३० | ज्येष्ठ नागरिकसँग उपप्रमुख कार्यक्रम | सिमसार खेतकुलो मर्मत | | १,७५,०००/- | |
| | | ११ औं नारदमुनी थुलुङ्ग स्मृति गोल्डकप फुटबल प्रतियोगिता २०८२ | | २०,०००/- | |
| ३१ | बाटो सरसफाईका लागि तेल खरिद | गडेरे खोला आम्बोटे चिप्टार सडक खण्डमा पहिरो पन्छाउने | | १,००,०००/- | वडा नं.१० को च.नं. ७९४ र मिति २०८३/२/२२ को पत्रानुसार |
| ३२ | अमृत बहादुर तामाङको घर देखि वडा कार्यालय जाने सडक स्तरोन्नती | सडक स्तरोन्नती आईतबारे गणेश खत्रीको घर अगाडी | | ५,४०,०००/- | वडा नं.४ को च.नं. २७५१ र मिति २०८३/२/१४ को पत्रानुसार |

३. कोशी प्रदेश सरकार, पर्यटन मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को च.नं. १३९१ तथा मिति २०८१/१२/३१ को पत्रमार्फत स्थानीय तहहरूको लेटरहेडमा कोशी प्रदेशको लोगो तथा नारा समावेश गर्न अनुरोध भई आए बमोजिम उक्त लोगो तथा नारा राखिएकोमा मिति २०८२/०२/२६ बाट सो लोगो तथा नारा लेटरहेडबाट हटाउने सम्बन्धमा सर्वसम्मत निर्णय गरियो।

४. कटारी नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भएका तुलराज दाहालले श्री आर.एन.टी. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., कटारी नगरपालिका वडा नं. ४ नामको "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र माग गरेको र यस नगरपालिकाको उक्त इजाजत पत्र छानविनका लागि गठन भएको उपसमितिबाट मिति २०८३/०१/३१ मा इजाजत पत्र दिन सिफारिस भए बमोजिम श्री आर.एन.टी. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., कटारी नगरपालिका वडा नं. ४ लाई "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो।

५. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ मा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ भन्ने व्यवस्था रहेकोले सोही व्यवस्था/प्रावधान अनुसार तह वृद्धि सिफारिस समितिमा तपसिलका सदस्यहरु रहने गरी तह वृद्धि सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः-

क) राजन थापा, प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सुरेश कुमार दाहाल, अधिकृस्तर आठौं -सदस्य

ग) चतुरी माया राई, अधिकृत छैठौं -सदस्य

६. मिति २०८२।०९।१४ मा सेवा करारमा नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धमा प्रकाशित सूचना बमोजिम दरबन्दी तेरीज अनुसार नगर प्रहरीतर्फ वरिष्ठ नगर प्रहरी १ (एक) जना र नगर प्रहरी जवान २ (दुई) जना गरी तपसिलका जम्मा ३ (तीन) जना खुला प्रतिस्पर्धात्मक परीक्षामार्फत छनौट गरी मिति २०८३।०२।१८ देखि लागू हुने गरी सेवा करारमा नियुक्ति गर्न भएको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | नाम, थर | पद/तह | कैफियत |
|---|---|---|---|
| १ | धन बहादुर तामाङ | वरिष्ठ नगर प्रहरी (चतुर्थ श्रेणी) | सफल |
| २ | सुरेश लुम्बे मगर | नगर प्रहरी जवान (श्रेणी विहिन) | सफल |
| ३ | राहुल अधिकारी दनुवार | नगर प्रहरी जवान (श्रेणी विहिन) | सफल |

७. सम्बन्धित वडा कार्यालयको सिफारिस, उपचाररत अस्पतालको पुर्जा तथा सिफारिस र निवेदकको निवेदनका आधारमा तपसिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | सहायता रकम (रु.) |
|---|---|---|---|---|
| १. | रुद्र परियार | क.न.पा.४ | मृगौला सम्बन्धी बिरामी | २५००० |
| २ | कमल मगर | क.न.पा.६ | जण्डिस बिरामी (एम्बुलेस खर्च) | २५००० |
| ३ | कुमारी राई | क.न.पा.२ | लास सदगद गर्न ल्याईएको सवारी भाडा(आर्थिक विपन्नता) | १५००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | दुर्गा बहादुर कटुवाल | क.न.पा.३ | बिरामी तथा आर्थिक बिपन्नता | २५००० |
| ५ | देश बहादुर विश्वकर्मा | सोलुखुम्बु -बेल्घारी १ (हाल गोकर्णेश्वर न.पा. ३, काठमाडौं) | मुटुसम्बन्धी रोगी | २५००० |
| ६ | गणेश कुमार श्रेष्ठ | क.न.पा.१३ | अबरुद्ध सडकको रुख हटाउने | २५००० |
| ७ | राम बहादुर राई | क.न.पा. ४ | गरिब तथा आर्थिक विपन्नता | २५००० |
| ८ | टेक बहादुर थापा क्षेत्री | क.न.पा.२ | आर्थिक बिपन्नता/काजक्रिया | ५०००० |
| ९ | परसुराम दनुवार | क.न.पा.४ | कान अप्रेसन | २०००० |
| १० | विजय चौधरी | क.न.पा.४ | दुर्घटना भई खुट्टा फ्याक्चर | २५००० |
| ११ | सोम बहादुर थापा मगर | क.न.पा.५ | बाथरोग तथा अल्सर बिरामी | २०००० |
| १२ | निर बहादुर आलेमगर | क.न.पा.३ | बिरामी तथा आर्थिक विपन्नता | २५००० |
| १३ | क्षेत्र बहादुर खड्का | क.न.पा.१२ | बिरामी तथा आर्थिक विपन्नता | २०००० |
| १४ | शुसिल हायू | क.न.पा.२ | गरिब तथा आर्थिक विपन्नता | २०००० |
| १५ | घमण्ड बहादुर तामाङ्ग | क.न.पा.७ | क्यान्सर रोग | २०००० |
| १६ | दुर्गमाया सुनुवार | क.न.पा.४ | क्यान्सर रोग | २०००० |
| १७ | नविन मगर | क.न.पा.२ | टाउकोमा पानी जम्ने रोग | २०००० |
| १८ | सोम बहादुर तामाङ्ग | नगर प्रहरी | कटारी नगर प्रहरी कार्यविधि, २०७५ को दफा २५ (क) बमोजम उपदान सहायता | १,००,००० |